मिति २०८२/०९/२४ गतेको बैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८२/०९/२४ बैठक संख्या : २०८२/०८३- ६ समय : बिहान ०८ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, रजैया

<u>उपस्थिति</u>

| क.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०९/२४ गतेको छैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. कानून सम्बन्धमा ।

३. बालमैत्री सहजकर्ताको तलबी प्रसुति विदा स्वीकृत सम्वन्धमा।

४. तह मिलान सम्बन्धमा ।

५. रकमान्तर, श्रोतान्तर, शिर्षकान्तर सम्बन्धमा ।

६. गरीवी निवारण कार्यक्रम सम्बन्धी जानकारी सम्वन्धमा ।

७. मनहरी गाउँपालिका खेलकुद विकास समिति पुनर्गठन सम्वन्धमा ।

८. कर रकम फिर्ता सम्बन्धमा ।

९. कृषि पशुपंक्षि तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम संचालन सम्बन्धमा ।

१०. गाउँ सभाको अठारौं अधिवेशन संचालन सम्वन्धमा ।

११. रकम भुक्तानी सम्बन्धमा ।

१२. म्याद थप सम्वन्धमा

१३. स्थानीय विदा सम्बन्धमा ।

१४. आर्थिक सहायता सम्वन्धमा ।

१५. आ.व. ०८२/०८३ को बहुक्षेत्रिय पोषण कार्यक्रम तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको एकिकृत कार्यक्रम योजना सम्वन्धमा ।

१६. तथ्याङ्क अद्यावधिक सम्वन्धमा ।

१७. गाउँ शिक्षा योजना सम्वन्धमा ।

१८. जग्गा प्राप्ती सम्वन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८२/०९/२४ गतेको छैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, स्वास्थ्य, पशुपंक्षि विकास उपशाखा, कृषि विकास उपशाखा, योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा, प्रशासन शाखा लगायतका शाखाहरुको मासिक प्रगति सम्बन्धमा जानकारी भयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन र मनहरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृतिको लागि गाउँसभाको १८ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकामा दैनिक ज्यालादारीमा कार्यरत बालमैत्री सहजकर्ता श्री लिलामाया तामाङ्गको मिति २०८२/०८/१४ गते २०८२/११/२३ गते सम्म जम्मा ९८ दिन तलवी प्रसुती विदा स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिम यस गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत, अधिकृतस्तर छैठौं तह श्री आशिष मल्ललाई मिति २०८२ माघ १ गते देखी लागु हुने गरी सूचना प्रविधि अधिकृत अधिकृतस्तर सातौं तह मा तह मिलान गरी सोही वमोजिम सेवा सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम, तथा वजेटको रकमान्तर, श्रोतान्तर, शिर्षकान्तर कार्यक्रम तथा वजेट थपघट सहितको संशोधन सभामा पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गरीवि निवारणको लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम मनहरी गाउँपालिकाको वडा नं. १, ३, ४, ५, ६, ७, ८ र ९ मा संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ बमोजिम मनहरी गाउँपालिका खेलकुद विकास समितिका पदाधिकारीहरुको समयावधि सकिएकोले खेलकुद विकास समितिका संयोजक श्री रविन्द्र श्रेष्ठको संयोजकत्वमा सम्वन्धित वडाको वडास्तरी खेलकुद विकास समितिको संयोजक, खेलकुद विकास समितिको सदस्य रहने गरी नयाँ समिति पुनर्गठन गर्ने निर्णय गरियो ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८२/०९/२४ गतेको छैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामना काष्ठ उद्योग प्रा. ली. ले ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समूह मनहरी – ९ ले मिति २०७४/०८/२९ देखी लागू हुने गरी प्रकाशित बोलपत्रद्धारा वन पैदावार लिलाम विक्रि सम्बन्धि सूचनावमोजिम लट नं. १ देखी ९ सम्मका सालको गोलिया काठ सबैभन्दा बढी अंकमा सकार गरी सो वापतको नियमानुसार बुझाउनु पर्ने रकम दाखिला गरी मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०७४ को अनुसूची ९ बमोजिमको निकासा दस्तुर रु ८, ३२०००/- मनहरी गाउँपालिकालाई बुझाएकोमा मिति २०८१/०८/१२ गतेको सर्वोच्च अदालको संयुक्त ईजलासबाट लिलाम सकार गरी आवश्यक दस्तुर सामुदायिक वनमा बुझाई सम्बन्धित वन कार्यालयबाटसमेत स्थान्तरण सहमती लिईसकेको हुनाले काठ निकासी वापत मनहरी गाउँपालिकाले लिएको दस्तुर उत्प्रेषणको आदेशबाट बदर गरी निवेदकलाई फिर्ता दिनु भन्ने उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७६/०५/११ मा भएको फैसला सदर हुने ठहर्यकोले श्री सामना काष्ठ उद्योग प्रा. ली. ले मिति २०७४/११/०२ मा दाखिला गरेको निकासी कर वापतको रकम रु ८,३२,०००/- अगामी बर्ष अधिवेशनबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. ०८२/०८३ को स्वीकृत कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक संघिय शसर्त कार्यक्रम संचालन सम्वन्धि मार्गदर्शन, २०७७ वमोजिम सर्वेक्षण गर्ने व्यक्तिलाई प्रति घरधुरी रु २५ भुक्तानी गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको गाउँसभाको १८ औ अधिवेशन मिति २०८२/०९/३० गते संचालन गर्ने गरी मिति २०८२/०९/२३ गते आवह्वान भएकोमा स्वीकृतिको लागि तपसिल वमोजिमका विषयहरु पेश गर्ने निर्णय गरियो ।

तपसिल:

१. रकमान्तर, श्रोतान्तरण, शिर्षकान्तरण

२. अति आवश्यक योजना तथा कार्यक्रम थप

३. विभाज्यकोषवाट चालु आ.व. मा प्रदेश सरकारमा पठाउनुपर्ने रकम सम्वन्धमा ।

४. चा. लु आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धमा ।

५. आर्थिक ऐन, २०८२ को पहिलो संशोधन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी अस्पताल भवन निर्माणको लागि प्राप्त रनिङ विलको स्वास्थ्य मन्त्रालयवाट रकम प्राप्त भएपछि सोध भर्ना लिने गरी हाल गाउँपालिकाको समपुरक शिर्षकबाट सापटीको रुपमा भुक्तानी दिने निर्णय गरियो । साथै कृषि उपज संकलन केन्द्रलाई कोल्ड स्टोर निर्माण शिर्षकबाट सापटी पठाउने निर्णय गरियो ।



मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्नैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८२/०९/२४ गतेको छैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी अस्पताल निर्माण योजनाको ठेक्का लिएको बुद्ध/शिवको/पुष्पञ्जली जे. भि. र यस पालिका बिचको ठेक्का सम्झौता २०८२ पौष मसान्त सम्म भएकोमा उक्त अस्पताल निर्माणको लागि रकम उपलब्ध गराउने स्वास्थ्य मन्त्रालयको रकम ढिला पठाएको कारणले समयमै निर्माण कार्य सम्पन्न नभएकोले अस्पताल निर्माण कार्यको ठेक्काको म्याद २०८३ आषाढ १५ सम्म कायम गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा तामाङ समुदायले हरेक वर्ष माघ शुक्ल प्रतिपदाको दिन नयाँ वर्षको रुपमा हर्षोउल्लासपूर्वक मनाउने सांस्कृतिक पर्व मन्जुश्री सम्वत् २८६२ (ता ल्हो/घोडा वर्ग) सोनाम ल्होछारको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदिवहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै तामाङ समुदायको वाहुल्यता रहेकोले यस गाउँपालिकामा रहेका सरकारी कार्यालय, शिक्षण संस्था एवम् सार्वजनिक संघ/संस्थाहरु मिति २०८२/१०/०४ गते थप एक दिन स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिवाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने कार्यको लागि अनुसूची -१ बमोजिम माग भई आएको रकम तोकिएको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा पोषण विशेष,पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरुको पोषण सुधारको लागी आयआर्जन अनुदान वितरणको लागि युरोपियन युनियनको नगद सहयोगमा संघीय शसर्त कार्यक्रम मार्फत प्राप्त भएको कार्यक्रमको लागि पोषणमैत्री स्थानिय शासन कार्यान्वयन कार्यबिधि, २०८० मा उल्लेख भएको क्रियाकलापहरुलाई मध्येनजर गरि पोषणमैत्री स्वास्थ्य संस्था निर्माणमा सहयोग पुग्ने गरी अनुसुचि – २ मा उल्लेख गरिएको एकिकृत कार्यक्रम स्वीकृत गरि कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको नागरिकता सम्वन्धी पूरानो तथ्याङ्कहरु जिल्ला प्रशासन कार्यालय मकवानपुरमा रही तथ्याङ्क अद्यावधिक गरी प्रणालीमा प्रविष्ट गर्ने प्रयोजनको लागि एक कार्यालय सहायक, (तथ्याङ्क प्रविष्टकर्ता) सहायक चौथो दैनिक ज्यालादारीमा २०८३ अषाढ मसान्त सम्मका लागी कामका लगाउने गरी जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा खटाउने निर्णय गरियो ।

१७. प्रस्ताव नं.१७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको गाउँ शिक्षा योजना (२०८१- २०९०) स्वीकृत गर्ने निर्णय गरियो ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८२/०९/२४ गतेको छैठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ८ निवासी श्री लक्षमण गोम्वाको श्रीमती श्री ठूलीमाया गोम्वा (ना. प्र. नं. ३०/२२३) को हाल मनहरी गा. पा. वडा नं. ८ ज्यामिरे साविक मनहरी गा. वि. स वडा नं. ९मा रहेको कि.नं. ४७३ ज. वि. ०-४-० को जग्गामा दक्षिण पूर्व कुनाबाट पश्चिम तर्फ ३८ मिटर छोडी उत्तर पूर्व कुनाबाट २२.४० मिटर छोड्दा ०-०-२२.७५ धुर छोडी ०-०-८ आठ धुर जग्गा मनहरी गाउँपालिकाको वडा नं. ८ स्थित थाहा स्मृति आधारभूत स्वास्थ्य केन्द्र पर्न गएको र सो जग्गा जग्गा धनी श्री ठूलीमाया गोम्वाले मनहरी गाउँपालिका ( स्वास्थ्य चौकी) को नाममा राजिनामा दिन मञ्जुरीनामा समेत दिएकोले आवश्यक प्रकृया अगाडी बढाउन गाउँकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

( उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।)

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची -१

मिति २०८२/०९/२४ गते बसेको छैठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. १४ संग सम्बन्धित

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | व्यक्ति संस्थाको नाम/ ठेगाना | विवरण | खर्च व्यहोर्ने शिर्षक | भुक्तानी हुने रकम |
|---|---|---|---|---|
| १ | नेपाल जुडो महासंघ त्रिपुरेश्वर, काठमाडौं | २० औ राष्ट्रिय जुडो प्रतियोगिता २०८२ | आर्थिक सहायता | ३० हजार |
| २ | पर्शुराम उप्रेती मनहरी -३ | आगलागीको कारण घर गोठ पूर्ण रुपमा क्षति | विपद् व्यवस्थापन कोष | ३० हजार |
| ३ | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | फर्निचर सहयोग | वडा तथा गाउँपालिका कार्यालयको फर्निचर फिक्चर्स | १ लाख |
| ४ | सबुज गण | सवारी मर्मत | सवारी मर्मत | १८ हजार |
| ५ | पशुपति मन्दिर मनहरी -४ | मन्दिर परिसरमा पोलमा बत्ती राख्ने | आर्थिक सहायता | १ लाख |
| ६ | सिम्पानी खानेपानी तथा सरसफाई उपभवक्ता समिति मनहरी -८ | अन्य स्थानको खानेपानी संस्थाहरु अध्ययन अवलोकन | आर्थिक सहायता | १ लाख |

गाउँ कार्यपालिकाको छैठौं बैठक

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

मिति २०८२/०९/२४ गते बसेको छैटौं गाउँकार्यपालिका बैठकको निर्णय नं. १५ संग सम्बन्धित

अनुसुची २

आ.व. २०८२/८३ को बहुक्षेत्रिय पोषण तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको एकीकृत कार्यक्रम योजना

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलाप | संख्या | कुल विनियोजित बजेट हजारमा | विनियोजित बजेट स्रोत अनुसार | | | | | अनुमानित लाभान्वित घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | अन्य (गै.स.स.आदी) | लाभान्वित समुह | | |
| १ | प्रशासकीय प्रबन्ध | शासन निर्देशक समिति गठन तथा बैठक सञ्चालन | १ | ३५५६०० | ३५५६०० | ० | ० | युरोपियन युनियन नगद सहयोग | सम्बन्धित सदस्यहरु | पालिका | |
| २ | | वडास्तरीय सहजिकरण तथा कार्यान्वयन समिति गठन बैठक सञ्चालन | १८ | | | ० | ० | युरोपियन युनियन नगद सहयोग | सम्बन्धित सदस्यहरु | सबै वडामा | |
| ३ | | पोषण सहजकर्ताको तलबभत्ता | १३ | ३३५००० | ३३५००० | ० | ० | युरोपियन युनियन नगद सहयोग | पोषण स्वयंसेवक | १ | |
| ४ | | पोषण सहजकर्ताको पोशाक खर्च | १ | १०००० | ० | ० | १०००० | ० | पोषण स्वयंसेवक | १ | |
| ५ | | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी सरोकारवालाहरुलाई पालिकास्तरीय अभिमुखिकरण गोष्ठी सञ्चालन | १ | ६०००० | ६०००० | ० | | युरोपियन युनियन नगद संहयोग | सरोकारवाला सबै | पालिका | |
| | | अनुगमन | १ | २०००० | २०००० | ० | ० | | | | |
| ७ | शिक्षा | लोपोन्मुख बनकरिया लगाएत बस्तिमा पोषण प्रदर्शनी तथा WASH सचेतना कार्यक्रम | २ | ६३४०० | ६३४०० | ० | ० | युरोपियन युनियन नगद सहयोग | लोपोन्मुख तथा सिमान्तकृत समुदाय | १०० | |
| ८ | महिला तथा बालबालिका | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | २८ | ७००००० | ७००००० | ० | ० | युरोपियन युनियन नगद सहयोग | विपन्न सुनौलो हजार दिनका आमा | २८ | |
| ९ | स्वास्थ्य कृषि तथा पशु | पोषणको मास स्कृनिङ(पोषण शिविर कार्यक्रम z-score,MUAC, BMI आदीको लागी अभिमुखिकरण कार्यक्रम | १० | २५३००० | २५३००० | ० | ० | युरोपियन युनियन नगद सहयोग | महिला तथा बालबालिका | ३०० | |
| १० | | पोषण शिविर सञ्चालन | १० | २९८००० | २९८००० | ० | ० | युरोपियन युनियन नगद सहयोग | महिला तथा बालबालिका | ३००० | |
| जम्मा | | | | २०९५००० | २०८५००० | ० | १०००० | | | | |

रुजन कालाखेती
अध्यक्ष